# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ भागः २ मितिः २०८१/१२/२७

## भाग-२

## रोशी गाउँपालिका

रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (दोश्रो संशोधन) २०८१

**प्रस्तावनाः**

रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ लाई संशोधन गर्न बान्छनीय भएकोले रोशी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः क) यस कार्यविधिको नाम " रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (दोश्रो संशोधन) २०८१" रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागू हुनेछ ।

२. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ मा परिच्छेद – १ प्रारम्भिक थप गरिएको तथा दफा (२) मा देहाय बमोजिमका उपदफा थप गरिएको : (ङ)'' प्रदेश कानून'' भन्नाले बागमती प्रदेशबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ सम्झनु पर्दछ ।

(च) ''प्रमुख प्रशासकीय अधिकृत '' भन्नाले रोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

३. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ मा संशोधन परिच्छेद – २ सेवा करारबाट कर्मचारीको पदपूर्ति थप गरिएको तथा दफा (३) मा कार्यविधि लागू हुने क्षेत्र र सेवा हटाई सेवा करार वाट पदपूर्ति हुने पद थप गरिएको साथै उपदफा (१) मा देहाय बमोजिम थप गरिएको : (१)

गाउँपालिकामा रिक्त रहेको दरबन्दीमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८३को उपदफा(७) र (८) तथा प्रदेश कानूनको दफा (९)को उपदफा (१४) मा उल्लेखित पदहरुमा सेवा करारबाट कर्मचारी पदपूर्ति गरिनेछ ।

थप गरिएको तथा दफा ३को उपदफा (२) मा खण्ड (च) पछी देहाय बमोजिमको खण्ड (छ)  थप गरिएको छ :

(छ) कम्प्युटर अपरेटर

(ज) अन्य कुनै प्राविधिक सेवा

४. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५मा संशोधन परिच्छेद – ३ कर्मचारी छनौट प्रक्रिया थप गरिएको तथा दफा (४) मा  छनौट सम्बन्धि ब्यबस्था  हटाई आवेदन माग गर्ने  थप गरिएको साथै उपदफा (१)मा देहाय बमोजिम थप  गरिएको : (१) कार्यालयले यस कार्यविधीको दफा (३)को उपदफा(२) मा उल्लेखित रिक्त कुनै वा सवै पदहरुमा सेवा करारको विधीबाट कर्मचारी छनौट गर्नुपरेमा खुल्ला प्रतिस्पर्धा र योग्यता तथा क्षमताको मूल्याङ्कनको प्रक्रियाबाट गर्नुपर्ने छ ।

उपदफा (२) मा उपदफा (१) बमोजिम कर्मचारी छनौटको प्रक्रिया प्रारम्भ  गर्नुपूर्व  कर्मचारी आवश्यक परेको उचित कारण,कर्मचारीको पदनाम,पदपूर्ति गर्ने कर्मचारीको संख्या,सेवाका आधारभूत शर्तहरु, मासिक पारिश्रमिक,अन्य सेवा सुविधा,करार नवीकरण हुने नहुने कुरा र सेवा करारमा नियुक्ति हुने कर्मचारीले सम्पादन गर्ने कामहरुको स्पष्ट विवरण समेत खुलाई कार्यपालिकावाट निर्णय गर्नुपर्ने छ।

५. दफा ४ को उपदफा (४) पछी उपदफा (५) र (६)  थप गरिएको छ :

(५) आवेदकले कार्यालयको सूचनामा उल्लेखित भौतिक विधि वा अनलाईनको प्रयोग गरी अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन दिनुपर्ने छ ।अनलाईन बिधिवाट आवेदन माग गरेको खण्डमा आवेदकले आफ्नो व्यक्तिगत विवरण, शैक्षिक योग्यता तथा अनुभव सम्बद्ध प्रमाणपत्रको अतिरिक्त आवेदन वापत लाग्ने दस्तुर बैंक जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी समेत आवेदन संग अपलोड गर्नुपर्नेछ।

(६) तर स्थानीय सरकार संचालन ऐन,२०७४को दफा ८३को उपदफा (८)अनुसार सयस, प्लमबर ,ईलेक्ट्रिसियन, चौकिदार ,माली, बगैचे र सरसफाई सम्बन्धि पदपूर्ति गर्दा लिखित परिक्षा नलिई अनुभव तथा वि ज्ञताको आधारमा अन्तरवार्ताको माध्यमबाट करार नियुक्ति गर्न सकिनेछ।

६. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५कोदफा(४)उपदफा (३) को खण्ड (क) मा संशोधन गरि देहायको व्यवस्था गरिएको छ :खण्ड (क) मा

- शैक्षिक योग्यता -१०(दश)अंक,
- विशिष्ट श्रेणी - १०(दश) अंक,
- प्रथम श्रेणी - ८ (आठ)अंक,
- द्वितीय श्रेणी - ६(छ) अंक,
- तृतीय श्रेणी - ४ अंक,

श्रेणी नखुलेकोलाई तृतीय श्रेणी सो सरह अंक दिने ,(त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त शैक्षिक संस्थाको अंक गणनाका आधारमा) भन्ने व्यवस्था राखिएको छ । साथै दफा(४) को उपदफा (३) को खण्ड (क) पछि देहायको बुँदा थप गरिएको छ :खण्ड (क) १. लिखित परीक्षा -५०(पचास) अंक : लिखित परीक्षा सम्बन्धी व्यवस्था संघीय लोक सेवा आयोग  वा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा र पदका लागि तोकिएको पाठ्यक्रम बमोजिम हुनेछ ।

७. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(५) मा संशोधन: रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(५) मा नगरपालिका  भन्ने शब्द हटाईएको  छ।

८. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(६) मा संशोधन: रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(६)को उपदफा(२) मा दोब्बर संख्यामा वैकल्पिक उमेदवारहरुको सूची प्रकाशन गर्नुपर्नेमा संशोधन गरी माग पद संख्याको पचास प्रतिशतको संख्यामा वैकल्पिक उमेदवारहरुको सूची प्रकाशन गर्नुपर्ने थप गरिएको  छ ।

आज्ञाले

शिव प्रसाद भन्तना

प्रमुख प्रशासकीय अधिकृत